# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०५।०९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------

भूमिसुधार तथा मालपोत कार्यालय, सिरहाका नायव सुब्बा मिथिलेश्वर ठाकुर विरूद्ध आरोप-पत्र दायर गरिएको छ ।

निजले जग्गाधनीको स्रेस्ताबाट जग्गाको मोहीको लगत कट्टा गर्ने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, बर्दिवासबाट खटिई गएको टोलीले निज नायव सुब्बा मिथिलेश्वर ठाकुलाई सेवाग्राहीसँग रू.५,०००।–(पाँच हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको क्रममा निज भूमिसुधार तथा मालपोत कार्यालय, सिरहाका नायव सुब्बा मिथिलेश्वर ठाकुरले सेवाग्राहीसँग मोहीको लगत कट्टा गर्ने प्रयोजनको लागि रू.५,०००।— (पाँच हजार) घुस/रिसवत माग गरी लिएको पुष्टि हुन आई निजले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा(१) को कसुर गरेको स-प्रमाण पुष्टि भएकोले निजलाई विगो रू.५,०००।— (पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा(१) को देहाय (क) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालतमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता